# गजुरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. २०८०/८१

मिति: २०८१/०३/३०
ने.स ११४४, दिल्लाथ्व ८ आइतबार


## सूचना । सूचना ।। सूचना ।।।

**विषयः- सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धमा**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सम्पूर्ण लाभग्राहीहरुको सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ बमोजिम आर्थिक वर्ष २०८१/८२ का लागी **२०८१ श्रावण १ देखि भाद्र मसान्त** भित्र सम्बन्धित वडा कार्यालयमा स्वंयम् उपस्थित भई सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न/गराउनुहुन जानकारी गराइन्छ । साथै आफ्नो हेरचाह आफै गर्न नसक्ने, अति अशक्त भएकाको हकमा निजको बुबा आमा संरक्षक माथवर स्याहार सुसार गर्ने व्यक्ति उपस्थित भई र अन्यको हकमा तपसिल बमोजिमको आवश्यक कागजातका साथ सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न/गराउनहुन अनुरोध छ ।

**तपसिल :**

१. राष्ट्रिय परिचयपत्र नम्बर ।

२. ९० वर्ष भन्दा माथि र अशक्तको हकमा वडाको सिफारिस ।

३. नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

४. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको परिचयपत्र र लाभग्राहीको तीनपुस्ते विवरण ।

५. हालसालै खिचेको पासपोर्ट साइजको फोटो ।

६. विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अविवाहित भएको वडाको सिफारिस ।

७. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्र प्रतिलिपी।

८. अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी ।

९. सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरी ६० वर्ष उमेर पुरा भएको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपी र अविवाहित भएको वडाको सिफारिस ।

अनिषा पाण्डे
एम् .आई. एस् अपरेटर

२०८१/३/३०
नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**

श्री वडा कार्यालय (सबै): सूचना टाँस गर्नुहुन ।

श्री सूचना तथा प्रविधि शाखा: सूचना वेवसाइट मा अपलोड गर्नुहुन ।